## बकैया गाउँकार्यपालिकाको मिति २०७६।०७।२० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. गाँउपालिका दररेट सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलंफल गर्दा गाउँपालिकाको योजना सञ्चालनका लागि जिल्लाको दररेटलाई कायम गर्ने निर्णय गरियो । साथै रु १० लाख भन्दा बढी बजेटका योजनाहरु ई-टेण्डर मार्फत सञ्चालन गर्ने निर्णय गरियो ।

**२. बालमैत्री कार्यक्रम सञ्चालन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाको CFLG का सूचकको अवस्था मापन तथा बालबालिकाहरुका लागि आवधिक लगानी योजना निर्माण कार्यशाला गर्न बाँकी वडाहरु १, २, ६, ८, १०, ११ र १२ मा तत्काल सञ्चालन गर्ने तथा बालमैत्री सम्बन्धी प्रारम्भिक तथ्याङ्क संकलनको लागि सम्बन्धित वडा कार्यालयको सिफारिश बमोजिम छनौट हुनेगरी तपशिल अनुसारको गणकहरु खटाउने निर्णय गरियो ।

तपशिलः

| वडा नं. | आवश्यक जनशक्ति |
|---|---|
| १ | ३ जना |
| २ | ३ जना |
| ३ | ३ जना |
| ४ | ५ जना |
| ५ | ४ जना |
| ६ | ५ जना |
| ७ | ५ जना |
| ८ | ३ जना |
| ९ | ३ जना |
| १० | ४ जना |
| ११ | ३ जना |
| १२ | ३ जना |

साथै तथ्याङ्क संकलन सम्बन्धी खर्च व्यवस्थापनका लागि विविध शिर्षकमा रहेको बजेटबाट रु ६,५०,०००/- छुट्याउने निर्णय गरियो ।

बकैया गाउँपालिका मकवानपुर

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

दामोदर खनाल
अध्यक्ष

## ३. सामाजिक विकास प्रतिवेदन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिका अन्तर्गतका प्रत्येक वडाहरुले आफ्नो वडाको सामाजिक विकास सम्बन्धि प्रतिवेदन मासिक रुपमा गाउँपालिकामा पेश गर्ने निर्णय गरियो ।

## ४. आन्तरिक लेखा परिक्षण सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका कार्यालयको आन्तरिक लेखा परिक्षण शाखा स्थापना नभएकोले गत आर्थिक वर्ष २०७५।७६ को आर्थिक कारोवारको अन्तिम लेखा परिक्षण प्रायोजनार्थ आन्तरीक लेखा परिक्षण कार्यको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय मकवानपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

## ५. बकैया गाउँपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०७६ पारित सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिका क्षेत्रमा रहेका जलस्रोत तथा मुहानहरु गाउँपालिका कार्यालयमै दर्ता गर्नुपर्ने प्रावधान अनुसार बकैया गाउँपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०७६ पारित गर्ने निर्णय गरियो ।

## ६. कृषि उपज संकलन केन्द्र सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा हात्तीसुँडे स्थित रहेको कृषि उपज संकलन केन्द्र सञ्चालनको जिम्मेवारी हात्तीसुँडे कृषि उपज संकलन केन्द्र व्यवस्थापन समितीलाई दिने निर्णय गरियो ।

## ७. चिलिङ्ग भ्याट मर्मत शोधभर्ना सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिका वडा नं ९ मा अवस्थित शिखरपुर दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले उक्त संस्थामा रहेको चिलिङ्ग भ्याट मर्मत गरेको तथा सो मर्मतको लागतको विल भर्पाई सहित शोधभर्नाको लागि गाउँपालिकामा माग गरेकोमा उक्त संस्थालाई विल भर्पाईको आधारमा मर्मत खर्च वापत रु. १,३५,०००।- (रुपैंया एक लाख पैंतिस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

## ८. आर्थिक सहयोग सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा गत भाद्र १८ गते देखि असोज ११ गते सम्म सञ्चालन भएको मकवानपुर जिल्ला लिग फुटवल प्रतियोगितामा बकैया गाउँपालिकाको प्रतिनिधित्व हुने गरी बकैया गाउँपालिका वडा नं ३ हात्तीसुँडे स्थित बुद्ध युवा क्लबको नामबाट दर्ता भई गाउँ खेलकुद समन्वय समितिको नेतृत्वमा सहभागी भएको र बकैया गाउँपालिकाका फुटबल खेलाडीहरुले भाग लिएका र उत्कृष्ट खेल खेलि सेमि फाइनल सम्म पुग्न सफल भएका तथा प्रतियोगितामा भाग लिन जानु भन्दा पहिले नै वजेट प्रस्ताव सहित सहयोग माग गरेका र खेल सम्पन्न भए पश्चात खर्चको विल भर्पाई विवरण सहित रकम माग गरेकोमा रु २,८०,०००।- (रुपैंया दुई लाख असी हजार मात्र) सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

**९. न्युङ्ने मौन व्रत आर्थिक सहयोग सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नम्बर १२ स्थित महायाना अवलोकितेश्वर न्युङ्ने मौन व्रत उपवास मिति २०७६।०६।२४ देखि मिति २०७६।०६।२७ सम्म सञ्चालन भएकोमा १२ नं. वडा कार्यालयको सिफारिश तथा विल भर्पाई सहित आर्थिक सहयोग माग गरेकोमा रु १,३५,०००।– (रुपैंया एक लाख पैंतिस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**१०. कार्यालय सहयोगी नियुक्ती सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकामा कार्यालय सहयोगीको संख्या कमी भई दैनिक प्रशासनिक कार्य सम्पादनमा समेत असर परेको हुँदा १ जना कार्यालय सहयोगी करारमा नियुक्ती गर्ने निर्णय गरियो ।

**११. अस्थायी भवन निर्माण सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकामा स्टोरको लागि कोठा अभाव रहेको तथा चमेनागृहको समेत आवश्यक रहेकोले सो को लागि गाउँपालिका कार्यालयको अस्थायी भवनको पश्चिम तर्फ स्टोर तथा चमेनागृह प्रायोजनार्थ अस्थाई भवन निर्माण गर्ने निर्णय गरियो।

**१२. यातायात तथा घर भाडा निर्धारण सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस बकैया गाउँपालिका भरी चल्ने यातायातको भाडा निर्धारणको लागि जनप्रतिनीधि, कर्मचारी, यातायात व्यवसायी र स्थानीयवासीहरु सहित बृहत अन्तरक्रिया गरी गाउँपालिका भरी चल्ने सवारी साधनको भाडा निर्धारण गर्ने निर्णय गरियो ।साथै घर भाडा निर्धारणको लागि तपशिल बमोजिमको कर्मचारीहरुको समिति निर्माण गर्ने निर्णय गरियो।

तपशिल

१. प्र.प्र.अ. श्री लक्ष्मण पुडासैनी – अध्यक्ष
२. ले.अ. श्री सन्तोष सुवेदी – सदस्य
३. सू.प्र.अ. श्री सन्तोष पाण्डे – सदस्य
४. कानुनी सहजकर्ता बिनिता महत क्षेत्री- सदस्य
५. स्वा.स. श्री फटीकरमण प्याकुरेल – सदस्य

**१३. सवारी साधन खरिद सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा स्थानीय तहको संगठन संरचना तथा कार्यबोझ बमोजिम गाउँपालिकामा प्रयाप्त सवारीसाधन हुन नसक्दा कार्यसम्पादनमा कठिनाई उत्पन्न भएकोले मोटरसाईकल २ थान तत्काल खरिद गर्ने गरी सर्वसम्मत निर्णय गरियो।

**१४. स्वास्थ कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकामा सञ्चालन हुने स्वास्थ्य सम्बन्धि कार्यक्रहरु सहज तथा प्रभावकारी ढंगले गर्नको लागि स्वास्थ कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ पारित गर्ने निर्णय गरियो।

दामोदर खनाल
अध्यक्ष

## १५. समपुरक कोष रकम सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा प्रदेश नं. ३ सरकारको प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि अनुसार यस गाउँपालिकामा सञ्चालन गरिने तपिशल बमोजिमका पूर्वाधार विकास सम्बन्धी योजना तथा कार्यक्रमको लागि समपुरक अनुदान माग गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजना | रकम |
|---|---|---|
| १ | सुधा ज्यामिरे गढवान सडक | गा.पा. समपुरक रु ५० लाख |
| २ | जुरेली खेलमैदान | गा.पा. समपुरक रु ३० लाख |
| ३ | भिरकोट दोभान साँनो हाँडी सडक | गा.पा. समपुरक रु ५० लाख<br>गा.पा. बजेट रु ४५ लाख<br>स्थानीय पूर्वाधार विकास कोष रु २० लाख |
| ४ | गोठखोला थली सडक | गा.पा. समपुरक रु ३० लाख<br>गा.पा. बजेट रु २० लाख |
| ५ | हात्तीसुँडे शिखरपुर मन्थली सडक | गा.पा. समपुरक रु ५० लाख<br>गा.पा. बजेट रु ४५ लाख |
| ६ | सोवी ठिङ्गन सडक | गा.पा. समपुरक रु १५ लाख<br>गा.पा. बजेट रु ३५ लाख |
| ७ | जुरेली थली घुम्ती सडक | गा.पा. समपुरक रु ३५ लाख |

बकैया गाउँपालिका मकवानपुर

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष